राष्ट्रिय स्वतन्त्र पार्टी

प्रतिनिधि सभा सदस्य निर्वाचन

“पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली”का लागि

# उम्मेदवार छनोट विधि

२०८२ श्रावण

# प्रस्तावना

राष्ट्रिय स्वतन्त्र पार्टीको विधानको भाग १९ अन्तर्गत रहेको लिडरशिप एकेडेमी र उम्मेदवार क्लब तथा भाग २० मा उल्लेख गरिएको प्रारम्भिक निर्वाचन (उम्मेदवार छनोट) र निर्वाचित जनप्रतिनिधि सम्बन्धी खण्डको मूल मर्म आत्मसात् गर्दै पार्टीले राज्यका विभिन्न तहका निर्वाचनमा उम्मेदवार छनोट गर्ने उद्देश्यले यो विधि तयार गरेको हो । राज्य सञ्चालनका लागि आवश्यक सबै तहका निर्वाचनमा उम्मेदवार छनोट प्रक्रिया लोकतान्त्रिक, वैज्ञानिक, पारदर्शी, समयसापेक्ष तथा वस्तुनिष्ठ हुनुपर्छ भन्ने मान्यताअनुरूप पार्टीले यो विधि अङ्गीकार गरेको हो । यस्तो विधिबाट मात्र देश र जनताप्रति प्रतिवद्ध, योग्य र सक्षम उम्मेदवार चयन हुन सक्ने पार्टीको विश्वास छ ।

यस उम्मेदवार छनोट विधिको मूल उद्देश्य पार्टीका मूल्य-मान्यता, सिद्धान्त र आदर्शलाई केन्द्रमा राखी सम्बन्धित निर्वाचन क्षेत्रको जनअपेक्षा र राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्न सक्ने नेतृत्वदायी क्षमता भएका उम्मेदवारहरूको पहिचान, छनोट र सिफारिस गर्ने हो । यसबाट पार्टीभित्रको आन्तरिक लोकतन्त्र बलियो बन्ने, निर्वाचनमा पार्टीको प्रतिस्पर्धात्मकता र प्रभावकारिता बढ्ने तथा जनविश्वास अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

## उम्मेदवारको योग्यता

पार्टी विधानको भाग २० को खण्ड ६४ ले उम्मेदवारको योग्यताबारे स्पष्ट व्यवस्था गरेको छ। देहायअनुसार योग्यता पुगेका पार्टी सदस्यहरू मात्र पार्टीले बनाएको उम्मेदवार छनोट विधिमार्फत राज्यका कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन योग्य हुनेछन् :

१. प्रचलित कानुनबमोजिम उम्मेदवार हुन योग्य भएको ।

२. पार्टीको केन्द्रीय अनुशासन तथा आचरण समितिमा सम्पत्ति विवरण बुझाएको ।

३. प्रहरी रिपोर्ट पेश गरेको ।

४. भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार(पसार, लागूऔषध कारोबार, निकासी वा पैठारी, सम्पत्ति शुद्धिकरण, अपहरण, हत्या वा अन्य नैतिक पतन देखिने गम्भीर कसुरमा सजाय नपाएको । अन्य फौजदारी कसुरमा सजाय भुक्तान गरेको भए पनि त्यसको अवधि सकिएको कम्तीमा एक वर्ष पूरा भएको ।

५. पार्टीका मूल्य-मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध ।

६. अन्य कुनै राजनीतिक दलसँग आबद्ध नरहेको ।

## विधि

उम्मेदवारको अन्तिम छनोट कारक मूल्याङ्कन विधि (Factor Rating Method) अनुसार विभिन्न पक्षहरूको वस्तुनिष्ठ मूल्याङ्कनलाई आधार मानेर गरिनेछ। केन्द्रीय समितिले अनुमोदन गरेको विशेष परिस्थिति बाहेक उम्मेदवार छनोटका लागि लिडरशिप एकेडेमीमा उम्मेदवारको वस्तुगत र सफल सहभागिता अनिवार्य हुनेछ।

## कारक मूल्याङ्कन विधि - मुख्य पक्ष र भाराङ्क

| क्रम | मुख्य पक्ष | भाराङ्क |
|---|---|---|
| १ | लिडरशिप एकेडेमीको नतिजा | २५% |
| २ | पोलिटिकल प्रोक्सिमिटी | २०% |
| ३ | समावेशिता | ५% |
| ४ | प्रारम्भिक निर्वाचन | ५०% |
| | **कुल** | १००% |

## १. लिडरशिप एकेडेमी (२५%)

| पक्ष | विवरण | भाराङ्क |
|---|---|---|
| क. राजनीतिक चेत, विचार (Political Aptitude) | • राजनीतिक विश्लेषण र नीति-निर्माणबारे बुझाइ, व्यवहारमा उतार्ने दक्षता<br>• रास्वपाको मूल्य-मान्यता, दर्शन र सिद्धान्तसँग वैचारिक सामीप्यता | २०% |
| ख. सदाचार र नैतिकता (Integrity & Ethics) | • वैचारिक निष्ठा, असल आचरण, निष्कलंक चरित्र | १०% |
| ग. शिक्षा तथा पेशागत अनुभव (Education & Professional Experience) | • औपचारिक शिक्षा तथा पेशागत अनुभव<br>• विशिष्ट तालिम, अनुसन्धान वा प्रकाशन<br>• राजनीति / सामाजिक सेवामा अनुभव | २०% |
| घ. नेतृत्वदायी अनुभव (Leadership Exprience) | • नेतृत्वदायी जिम्मेवारी निर्वाह गरेको अनुभव<br>• स्रोत साधन व्यवस्थापन क्षमता<br>• नवप्रवर्तन तथा समस्याको सिर्जनात्मक समाधान<br>• समन्वय, सहकार्य र सहमति निर्माण | २०% |
| ङ. भविष्य-दृष्टि (Vision) | • राष्ट्रिय आवश्यकता र निर्वाचन क्षेत्रको जनअपेक्षालाई सम्बोधन गर्ने दीर्घकालीन योजना (ब्लूप्रिन्ट)<br>• योजनाको व्यावहारिकता, कार्यान्वयन-सम्भावना र नवीनता | ३०% |

**नोटः** लिडरशिप एकेडेमी सञ्चालनमा नआएसम्म उक्त पक्षहरूको मूल्याङ्कन पार्टी सचिवालयले गर्नेछ ।

## २. पोलिटिकल प्रोक्सिमिटी (२०%)

| पक्ष | विवरण | भाराङ्क |
|---|---|---|
| क. पार्टी प्रोक्सिमिटी (Party Proximity) | • पार्टीसँग आबद्धताको अवधि र निरन्तरता<br>• पार्टी निर्माणमा योगदान<br>• कार्यसम्पादन<br>• निर्वाचन क्षेत्रमा सक्रियता तथा नेतृत्व | ५०% |
| ख. सामाजिक-डेमोग्राफिक प्रोक्सिमिटी (Socio-Demographic Proximity) | • स्थानीय मुद्दा र समस्या बुझाइ तथा क्रियाशीलता<br>• निर्वाचन क्षेत्रको भुगोल, जातिय, भाषिक, सांस्कृतिक समूहको प्रतिनिधित्व<br>• स्थानीय समुदायसंग सम्बन्ध, प्रतिष्ठा र विश्वसनीयता<br>• सामाजिक सद्भाव एवं समावेशितामा भूमिका | २५% |
| ग. लोकतान्त्रिक प्रोक्सिमिटी (Democratic Proximity) | • लोकतान्त्रिक आन्दोलन, नागरिक अधिकार, विकास र सुशासनमा भूमिका<br>• लोकतान्त्रिक मूल्य-विधि पालन, स्वस्थ प्रतिस्पर्धा-संवाद | २५% |

## ३. समावेशिता (५%)

महिला, दलित, आदिवासी/जनजाति, थारु, मुस्लिम, मधेसी, पिछडिएको क्षेत्र तथा अपांगता भएका व्यक्तिहरू उम्मेदवार भएमा

## ४. प्रारम्भिक निर्वाचन (५०%)

| पक्ष | भाराङ्क |
|---|---|
| सम्बन्धित निर्वाचन क्षेत्रका पार्टी सदस्यहरूको मतदान | ८०% |
| निर्वाचन क्षेत्र भित्र मतदाता रहेका पार्टीका तहगत समितिका सदस्यहरुको मतदान | १०% |
| केन्द्रीय समिति सदस्यहरुको मतदान | १०% |

**NOTA:**

**प्रारम्भिक निर्वाचनमा "NOTA (None Of The Above)" विकल्प लागू गरिनेछ । यसले मतदातालाई कुनै पनि उम्मेदवार मन नपरेको अवस्थामा कसैलाई पनि मतदान नगर्ने अधिकार सुनिश्चित गर्नेछ ।**

**यदि "NOTA" विकल्पले सबैभन्दा बढी मत पायो भने, अन्य सबै उम्मेदवारहरूको उम्मेदवारी स्वत: खारेज हुनेछ र त्यस क्षेत्रका लागि नयाँ उम्मेदवारहरूको छनोट गरी पुनः मतदान गरिनेछ ।**

**नोटः**

**कुल सम्भाव्य उम्मेदवार संख्याको १५% ननाघ्ने गरी उम्मेदवार छनोट वा हेरफेर सम्बन्धी विशेषाधिकार राष्ट्रिय स्वतन्त्र पार्टी केन्द्रीय सचिवालयमा निहित रहनेछ । ***

* (रूपन्देहीको उपनिर्वाचनको हकमा यो बुँदा अप्रासाङ्गिक भएकाले उपनिर्वाचन पश्चात यसमा थप छलफल हुने ।)